नेपाल सरकार

# अर्थ मन्त्रालय

## कर्मचारी सञ्चय कोषको

## प्रशासकको नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको

## पदपूर्ति सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति २०७४/०७/०९)**

कर्मचारी सञ्चय कोषमा रिक्त प्रशासक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन (२०७४/०७/२३) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौंमा गोप्य शिलबन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

**१. योग्यता तथा अनुभव:**

क) कम्तीमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी, कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ३ अनुसार स्थापित कर्मचारी सञ्चय कोष वा प्रचलित कानुन बमोजिम संस्थाको रुपमा स्थापना भएको बैङ्क, वित्तीय संस्था, कम्पनी, फर्म उद्योग वा त्यस्तै अन्य सरकारी वा गैह्रसरकारी संस्था, नेपालस्थित कुटनैतिक नियोग र अन्तर्राष्ट्रिय संस्थामा अधिकृत प्रथम श्रेणी वा दशौं तह वा सो सरहको पदमा कार्यरत कोषमा रकम जम्मा गराउने सञ्चयकर्ता कर्मचारी भएको ।

ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, आर्थिक, बैङ्किङ, वित्तीय, वाणिज्य वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी व्यवस्थापकिय तहमा कम्तीमा पाँच बर्षको कार्यानुभव प्राप्त गरेको ।

ग) तीस वर्ष पुरा भई साठी वर्ष उमेर ननाघेको ।

**२. दरखास्त पेश गर्ने प्रक्रिया :**

क) दरखास्तसाथ अर्थ मन्त्रालयको website: www.mof.gov.np मा प्रकाशित प्रशासकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखामा पेश गर्नुपर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर **"कर्मचारी सञ्चय कोषको प्रशासकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ ।

ग) आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत निकायबाट विभागिय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

**३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण :**

छनौट सूचीमा परेका उम्मेदवारले आफुले पेश गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ ।

**४. दस्तुर :**

दरखास्त दस्तुर वापत अर्थ मन्त्रालयको कार्यालय कोड नं.: २७-३०५-०७, राजस्व खाता: ५२०१२६५ तथा राजस्व शीर्षक: १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिंहदरवार शाखामा रू.३,०००।- (अक्षरेपी तीन हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

**५. पारिश्रमिक :**

प्रशासकलाई करारमा उल्लेख भएबमोजिमका शर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

**६. अन्य विवरण:**

क) प्रशासकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समाबेश गर्नु पर्ने विषयका सम्बन्धमा अर्थ मन्त्रालयको website: www.mof.gov.np बाट जानकारी लिन सकिनेछ ।

ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

घ) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा वा टेलिफोन नं. ४२११७७० मा सम्पर्क गर्न सकिनेछ ।

**नेपाल सरकार**

# अर्थ मन्त्रालय

## राष्ट्रिय बीमा संस्थानको

## प्रशासकको नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको

## पदपूर्ति सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति २०७४/०७/०९)**

राष्ट्रिय बीमा संस्थानमा रिक्त प्रशासक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन (२०७४।०७।२३ गते) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौंमा गोप्य शिलबन्दी आवेदन दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

**१. योग्यता तथा अनुभवः**

क) मान्यताप्राप्त शिक्षण संस्थाबाट बीमा, व्यवस्थापन, वित्त, लेखा, अर्थशास्त्र, वाणिज्यशास्त्र, कानून, गणित, तथ्याङ्कशास्त्र वा इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको वा स्नातक उत्तीर्ण चार्टर्ड एकाउण्टेन्सी वा सो सरहको योग्यता हासिल गरी व्यवस्थापकिय तहमा कम्तीमा पांच बर्षको अनुभव भएको ।

ख) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

**२. दरखास्त पेश गर्ने प्रक्रिया :**

क) दरखास्तसाथ अर्थ मन्त्रालयको website: www.mof.gov.np मा प्रकाशित प्रशासकको छनौट तथा सिफारिस् सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखामा पेश गर्नुपर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर **"राष्ट्रिय बीमा संस्थानको प्रशासकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ ।

ग) बहालवाला कर्मचारीले यस पदको प्रतियोगितामा सहभागी हुन चाहेमा सेवारत निकायबाट विभागिय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

**३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण :**

छनौट सूचीमा परेका उम्मेदवारले आफुले पेश गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ ।

**४. दस्तुर :**

दरखास्त दस्तुर वापत अर्थ मन्त्रालयको कार्यालय कोड नं.: २७-३०५-०७, राजस्व खाता: ५२०१२६५ तथा राजस्व शीर्षक: १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिंहदरवार शाखामा रू.३,०००।- (अक्षरेपी तीन हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

**५. पारिश्रमिक :**

प्रशासकलाई करारमा उल्लेख भएबमोजिमका शर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

**६. अन्य विवरणः**

क) प्रशासकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समाबेश गर्नु पर्ने विषयका सम्बन्धमा अर्थ मन्त्रालयको website: www.mof.gov.np बाट जानकारी लिन सकिनेछ ।

ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

घ) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा वा टेलिफोन नं. ४२११७७० मा सम्पर्क गर्न सकिनेछ ।